नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २५२ २०७९ साल बैशाख २८ गते बुधबार (11 May 2022 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

झाडापखाला तथा बान्ताबाट बच्न,

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पाखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिंगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : प्रमुख बन्ने तयारीमा. ३ पृष्ठमा : नीति तथा कार्यक्रम र बजेटमा ... ३ पृष्ठमाश्रीलङ्काका प्रधानमन्त्रीको राजीनामा स्वीकृत.

# मौन अवधीको पूर्वसन्ध्यामा राजविराजमा दलहरुद्वारा शक्ति प्रर्दशन

**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

यही बैशाख ३० गते हुन लागेको स्थानीय तह निर्वाचन अन्तरगत मौन अवधीको पूर्व सन्ध्यामा मंगलबार विभिन्न राजनीतिक दलहरुले आ-आफ्नो शक्ति प्रदर्शन गरेका छन्।

चुनावी प्रसार प्रसारको अन्तिम दिन मंगलवार प्रमुख तथा साना राजनैतिक दल र तीनका उम्मेदवारले शक्ति प्रर्दशन गरेका हुन्।

राजविराजमा विहानैदेखी ती राजनैतिक दल र तीनका उम्मेदवारहरुले नाँचगान गर्दै मतदातालाई रिझाउन आ-आफ्नो पार्टीको झण्डा र चुनाव चिन्हसहित मोटरसाईकल ऱ्याली तथा जुलुस निकाल्दै शक्ति प्रर्दशन गरे।

मंगलवार राती १२ बजे देखी मौन अवधी शुरु हुने भएकाले प्रचार प्रसारको अन्तिम दिन पारेर नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा ( एकिकृत समाजवादी) पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी लगायतले नारा जुलुशसहित नगरको विभिन्न क्षेत्रमा शक्ति प्रर्दशन गर्दै मतदातालाई आ-आफनो पक्षमा तान्ने प्रयास गरे। यो क्रम साँझ अबेर सम्म जारी रहयो। विभिन्न दलहरुले दिनभर गरेका शक्ति प्रर्दशनका कारण राजविराजको विभिन्न सडकहरु अवरुद्ध समेत भएको थियो।

राजविराज नगरपालिकाको प्रमुखमा नेकपा एमालेबाट अनिल झा, नेपाली काँग्रेसबाट इर्शाद अन्सारी, नेकपा माओवादी केन्द्रबाट शम्भु यादव, नेकपा (एकिकृत समाजवादी) बाट नथुनी दास, जनता समाजवादी पार्टीबाट भीमराज यादव, लोकतान्त्रिक समाजवादी पार्टीबाट दिपेन्द्र चौधरी, नेपाल प्रगतिशील पार्टीबाट अशोक साह र जनमत पार्टीबाट ममता झा चुनावी मैदानमा छन।

शक्ति प्रर्दशन पछि छुट्टा-छुट्टै आयोजित चुनावी सभालाई सम्वोधन गर्दै सबै दलका नेता तथा उम्मेदवारले आफ्नै पार्टीका उम्मेदवार नै नगर निर्वाचनमा दुई तिहाई भन्दा बढी स्थानमा जित्ने दाबी गरे। ४० हजार ३६ मतदाता रहेको राजविराज नगरपालिकाको निर्वाचनमा प्रमुख राजनीतिक दल बीच नै मुख्य प्रतिस्पर्धा हुने अनुमान गरिएको छ।

# राष्ट्रिय परिचयपत्र दर्ता र नागरिकता बनाउने कार्य स्थगित

**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

सप्तरीमा राष्ट्रिय परिचयपत्र दर्ता सम्बन्धी सेवा बुधबारदेखि एक साताका लागि स्थगित भएको छ।

जिल्ला प्रशासन कार्यालयले मंगलबार सूचना जारी गर्दै यही वैशाख २८ देखि जेठ ३ गतेसम्मका लागि राष्ट्रिय परिचयपत्र दर्तासम्बन्धी सेवा स्थगित गरिएको जानकारी दिएको छ।

स्थानीय तहको निर्वाचन कार्यमा कार्यालयका कर्मचारी खटिने भएकाले राष्ट्रिय परिचयपत्र दर्तासम्बन्धी सेवा स्थगन गरिएको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बताए।

यसैबीच नागरिकता बनाउने कार्यपनि निर्वाचनलाई मध्यनजर गर्दै केही दिनका लागि स्थगित गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।




# चोरी भएको बस महोत्तरीमा फेला पऱ्यो



**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

तीन दिन अघि घर अगाडीबाट चोरी भएको एउटा बस प्रहरीले पत्ता लगाई मंगलवार सवारी धनीलाई बुझाएको छ।

राजविराज ८ निवासी प्रदिप कुमार जैनको घर अगाडी पार्किङ गरिराखिएको ना.५ख. ४६८५ नम्बरको लक्ष्मी गणेश ट्राभल्स नामक वस शनिवार राती चोरी भएको थियो।

उक्त बस राजविराजबाट करिब २ सय किलोमिटर टाढा पश्चिम महोत्तरी जिल्लाको लक्ष्मीनीयाँ गाउँबाट फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए।

उनका अनुसार खोज तलास जारी राखेकै बेला सोमवार मध्य राती लक्ष्मीनीया गाउँमा एउटा विद्युतको पोलमा उक्त बस ठोकिएको अवस्थामा फेला परेको हो। उनले चोरी गरी लाने व्यक्ती बस छाडेर भागेको लक्ष्मीनीया प्रहरी चौकीबाट खवर प्राप्त भए लगत्तै सप्तरीबाट प्रहरी टोलीसहित सवारी धनीलाई पनि त्यसतर्फ पठाएर चोरी भएको सोही बस रहेको पुष्टि भएको बताए।

बस चोरी भएको भोली पल्ट विहान आईतवार सावरीधनी जैनले जिल्ला प्रहरी कार्यालय सप्तरीमा खोज तलासका लागी निवेदन दिएका थिए। उनले बस चोरी हुदाँका क्षणको सिसी क्यामेराको फुटेज पनि प्रहरीलाई उपलब्ध गराउदै खोज तलासका लागी आग्रह गरेका थिए।

प्रहरीले सिसी क्यामेराको फुटेजको आधारमा चोरी भएको बसको सम्पुर्ण विवरण मुलुक भर तथा सिमाक्षेत्रका भारतीय प्रहरी एकाईहरुमा समेत फोटो सहितको विवरण पठाई खोज तलास व्यापक बनाएको थियो।

चोरी गरी लाने व्यक्तीको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# मौन अवधि, के गर्न पाइँदैन ?

काठमाडौं, २७ वैशाख (रासस)।

मंगलबारराति १२ बजेदेखि मौन अवधि सुरु हुँदैछ। मतदानअगाडिको ४८ घण्टाको समयलाई मौन अवधि भनिन्छ। मौन अवधिमा कुनै पनि माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्न तथा मतदातालाई प्रभाव पार्ने कुनै पनि गतिविधि गर्न पाइँदैन।

मौन अवधिमा उम्मेदवार, दलका कार्यकर्ता तथा सम्बन्धित व्यक्तिका सम्बन्धमा निगरानी राख्ने र मतदातालाई प्रभाव पार्ने

बाँकी अन्तिम पृष्ठमा

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

# जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# आफ्नो एक-एक मतको सही उपयोग गरौं

यही बैशाख ३० गते हुने स्थानिय तह निर्वाचन अन्तरगत मंगलबारराति १२ बजेदेखि मौन अवधि सुरु भएको छ । मतदान अगाडिको ४८ घण्टाको समयलाई मौन अवधि भनिन्छ । यस अवधिमा कुनै पनि माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्न तथा मतदातालाई प्रभाव पार्ने कुनै पनि गतिविधि गर्न पाइदैन । सो अवधिभर निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी गर्न पाईँदैन । कुनै पनि विधि वा प्रक्रिया जस्तै सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न/गराउन पाइने छैन ।

यसअघि विभिन्न राजनैतिक दलका उम्मेदवारहरुले शक्ति प्रदर्शन गर्दै आ-आफ्नो जित्ने दाबी गरे । तर, मौन अवधीको पूर्वसन्ध्यामा उम्मेदवारहरुले जुन प्रकारको शक्ति प्रदर्शन गरे त्यस्तै निर्वाचित भएपछि काम गर्न सके त्यो चाही जनमतको कदर हुनेछ । हुन त कुनै पनि निर्वाचनमा जनमतको कदर हुन्छ । यो कदर पाउने सौभाग्य मतदातालाई पाँच वर्षमा मात्र आउछ । त्यसैले मतदाताले स्वच्छ, इमान्दार, योग्य, कर्मठ, विकासप्रेमी उम्मेदवारलाई मतदान गरि आफ्नो मतको सम्मान गर्ने मौकालाई गुमाउन दिनुहुँदैन् ।

तसर्थ आउँदो शुक्रबार देशभर एकै चरणमा बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुँदैछ । यस निर्वाचनमा मतदाताहरु आफ्नो एक-एक मतको सही उपयोग गरि पाँच वर्षका लागि योग्य जनप्रतिनिधि छान्न नचुकौं ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८


# प्रमुख बन्ने तयारीमा वडाध्यक्षहरू

**नानीमैया कटवाल**
सप्तरी, २७ (वैशाख) ।

स्थानीय तहको निर्वाचनका लागि तीन दिन मात्र बाँकी छ । निर्वाचन नजिकिएसँगै उम्मेदवारको सक्रियता झनै तीव्र बन्दै गएको छ ।

संवैधानिक व्यवस्थाअनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकार पुरानो स्थानीय निकायको भन्दा व्यापक बनाइएको छ । अर्थात् स्थानीय तहलाई स्थानीय सरकारको अवधारणाअनुसार अघि सारिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अन्तर्गत वडाध्यक्षले वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, कार्यान्वयन गर्ने-गराउने, अनुगमन र आवधिक समीक्षा गर्ने, घटना दर्तासहित विभिन्न सिफारिस तथा प्रमाणितसम्बन्धी कार्य गर्नेलगायतको प्रशस्त अधिकार र प्रयोग गर्न पाउने भएकाले पनि स्थानीयत तहमा पदाधिकारीको आकर्षण बढेको हो ।

अहिले यही स्थानीय सरकारको प्रमुख बन्ने दाउमा नगरप्रमुख र गाउँपालिका अध्यक्षका उम्मेदवार आफ्नो क्षेत्रभरि घुम्न मुस्किल भए पनि वडाध्यक्ष र सदस्यभने दोहोऱ्याएर आफ्नो वडा घुमेका छन् ।यस अघिको निर्वाचनमा देशभर छ हजार ७४३ वडाध्यक्षमा निर्वाचित भएका थिए । जिल्लाको १८ स्थानीय तहमा गत निर्वाचनबाट १६४ वडाध्यक्ष निर्वाचित भएका थिए । अहिले वडाध्यक्षका लागि जिल्लामा एक हजार दुई जनाले प्रतिस्पर्धा गरिरहेका छन् ।

नगरप्रमुखमा प्रतिस्पर्धा गर्ने चार महिलासहित ९३ र गाउँपालिकामा प्रतिस्पर्धा गर्ने चार महिलासहित १०३ जना छन् । स्थानीय तहको नेतृत्वमा उम्मेदवारी दिनेमा १९६मध्ये पाँच जना गत निर्वाचनमा वडाध्यक्ष बनेका पनि छन् । पाँच वर्षमा गरेका काम र लोकप्रियताका आधारमा दलहरूले वडाध्यक्षलाई प्रमुख र अध्यक्षमा टिकट दिएको विष्णुपुर गाउँपालिका-६ का अशोक यादवले बताउनुभयो । प्रमुखमा टिकट नपाउनेहरूले वडाध्यक्षमै उम्मेदवारी दोहोऱ्याएको भने प्रशस्तै छ ।

**शम्भुनाथ नगरपालिका**

शम्भुनाथ नगरपालिका-१ का वडाध्यक्ष भइसक्नुभएका इनरदेव साहले अहिले नगरपालिका प्रमुखमा उम्मेदवारी दिनुभएको छ । नेकपा (एमाले)बाट गत स्थानीय तहको निर्वाचनमा निर्वाचित उहाँले प्रमुखमा उम्मेदवारी पाउनुभएको हो । गएको चुनावमा ४४ मतले पराजित अर्का प्रतिस्पर्धी जितेन्द्रप्रसाद गुप्ता कलवारले नेकपा (एकीकृत समाजवादी)बाट पुनः नगरप्रमुखमा उम्मेदवारी दिनुभएको छ । जम्मा १२ वटा वडा रहेको नगरपालिकामा २३ हजार ८६३ मतदाता छन् । यो पालिकामा प्रमुख राजनीतिक दल र दुई स्वतन्त्र उम्मेदवारसहित १० जनाले प्रमुखमा उम्मेदवारी दिएका छन् ।

**सप्तकोशी नगरपालिका**

सप्तकोशी नगरपालिका-१ का वडाध्यक्ष रहनुभएका नारायणप्रसाद आचार्य नेकपा (एकीकृत समाजवादी)बाट नगर प्रमुखको दाबेदार हुनुहुन्छ । एमालेबाट वडाध्यक्षमा निर्वाचित हुनुभएका उहाँ आचार्य पार्टी विभाजनपछि अहिले उक्त सक्रिय हुनुभएको हो । यसैगरी गत निर्वाचनमा नगरप्रमुखमा विजयी बन्नुभएका उत्तमकुमार शर्माले पुनः एमालेबाटै उम्मेदवारी दोहोऱ्याउनुभएको छ । जम्मा ११ वडा रहेका उक्त नगरपालिकामा १५ हजार ४६१ मतदाता छन् ।

**बोदे बर्साइन नगरपालिका**

बोदे बर्साइन नगरपालिका-३ का वडाध्यक्ष रहनुभएका अनोजकुमार यादवले पनि अहिले नगरप्रमुखमा उम्मेदवारी दिनुभएको छ । सङ्घीय समाजवादी फोरम नेपालबाट वडाध्यक्षमा निर्वाचित हुनुभएका उहाँ अहिले एमालेबाट नगरप्रमुखको उम्मेदवार बन्नुभएको हो । जसपाबाट नगरप्रमुखमा आतेशकुमार सिंह यादवले उम्मेदवारी दिने निश्चित देखेपछि उहाँ एमालेमा प्रवेश गर्नुभएको थियो । जम्मा १० वडा रहेको नगरपालिकामा २७ हजार ६५५ मतदाता छन् । नगरप्रमुखमा प्रमुख राजनीतिक दलसहित आठ जनाले प्रतिस्पर्धा गरिरहेका छन् ।

**छिन्नमस्ता गाउँपालिका**

शक्तिपीठ रहेको छिन्नमस्ता गाउँपालिका-३ बाट स्वतन्त्ररूपमा वडाध्यक्षमा निर्वाचित दीपेन्द्रकुमार यादवले अहिले अध्यक्षमा उम्मेदवारी दिनुभएको छ । बडाध्यक्ष भएपछि उहाँ सङ्घीय समाजवादी फोरम प्रवेश गर्नुभएको थियो । स्थानीय तहको निर्वाचनमा मनोनयन दर्ताको एक साताअघि नेकपा (एमाले) प्रवेश गर्नुभएका यादवले अध्यक्षमा उम्मेदवारी दिनुभएको हो । गत निर्वाचनमा सो गाउँपालिका एमालेबाट अध्यक्षमा उम्मेदवारी दिनुभएका जयप्रकाश ठाकुरले भने वडा नं ५ बाट वडाध्यक्ष पदमा उम्मेदवारी दिनुभएको छ । जम्मा सातवटा वडा रहेको गाउँपालिकामा १७ हजार ७५७ मतदाता छन् ।

छिन्नमस्ता गाउँपालिका-१ का वडाध्यक्षमा निर्वाचित विनोदकुमार यादवले अहिले गाउँपालिकाको अध्यक्षमा उम्मेदवारी दिनुभएको छ । गत निर्वाचनमा नेपाल लोकतान्त्रिक फोरमबाट विजयी हुनुभएका उहाँ एक साताअघि माओवादी केन्द्रमा प्रवेश गरी अध्यक्ष पदमा उम्मेदवारी दिनुभएको हो । जयप्रकाश यादवले पार्टी परित्याग गरेर नेकपा (एकीकृत समाजवादी)बाट अध्यक्षमा उम्मेदवारी दिनुभएको छ ।जम्मा सातवटा वडा रहेको गाउँपालिकामा १७ हजार ७५७ मतदाता छन् ।

गत स्थानीय तहमा वडाध्यक्षमा निर्वाचित दीपेन्द्रकुमार यादव एमालेबाट, गाउँपालिका अध्यक्षमा निर्वाचित सूर्यनारायण मण्डल नेपाल सद्भावना पार्टीबाट, पूर्वगाविस अध्यक्ष सत्यनारायण यादव जसपाबाट र जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव जनता प्रगतिशील पार्टीबाट अध्यक्ष पदको उम्मेदवार बन्नुभएको छ । उक्त गाउँपालिकामा उहाँसहित १४ जना अध्यक्षमा प्रतिस्पर्धा गरिरहेका छन् ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नीति तथा कार्यक्रम र बजेटमा खाना पकाउने ऊर्जाको प्राथमिकता

**कृष्ण अधिकारी**

काठमाडौं, २७ वैशाख (रासस)।

सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि अन्तिम तयारी गरिरहेको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले आगामी जेठ ३ गते संसद्को अधिवेशन आह्वान गर्नुभएको छ भने सरकारले जेठ ७ गते आगामी आर्थिक वर्ष २०७९/०८० का लागि नीति तथा कार्यक्रम र १५ गते वार्षिक बजेट ल्याउने गरी गृहकार्य सुरु गरिसकेको छ। साउन १ गतेदेखि नै बजेट कार्यान्वयन गर्ने गरी जेठ १५ गते बजेट ल्याउन थालेको सातौँ वर्षमा चल्दै छ।

यही वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनलाई लक्षित गरी राजनीतिक पार्टीहरूले सार्वजनिक गरेका घोषणापत्र एवं प्रतिबद्धतापत्रहरूमासमेत उल्लेख भएका र वर्तमान सरकार गठन भएपछि सार्वजनिक गरिएको साझा अवधारणाको मर्मअनुसार आम नागरिकका जनजीविकाका विषयलाई नै नीति तथा कार्यक्रम र बजेट आउने प्रष्ट छ।

पछिल्लो समय रुस-युक्रेन युद्धले खासगरी इन्धनका क्षेत्रमा पारेको प्रभावबाट बजारमा भएको मूल्यवृद्धिको असरलाई कम गर्नुपर्ने चुनौती रहेको छ। सङ्घीय सरकारको नीति कार्यक्रम र बजेटकै सेरोफेरोमा स्थानीय निर्वाचनपछि गठन हुने स्थानीय सरकारले आगामी असारमा ल्याउने कार्यक्रम र बजेट पनि आउने हुँदा आयातित इन्धनको खपतलाई कम गर्ने र स्वदेशी ऊर्जाको पहुँचलाई विस्तार गर्नेतर्फ नै ध्यान दिनुपर्ने अर्थ राजनीतिका जानकार बताउँछन्। वित्तीय सङ्घीयतालाई प्रभावकारी कार्यान्वयनमा लैजान प्रतिस्पर्धी तर दिगो अनि पर्यावरणमैत्री हरित अर्थतन्त्रमा जोड दिन पनि स्वच्छ ऊर्जालाई उच्च प्राथमिकता दिनुपर्ने उनीहरूको सुझाव छ।

परम्परागत स्रोतको प्रयोगबाट जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पुग्नुको साथै राष्ट्रिय अर्थतन्त्रमासमेत नकारात्मक प्रभाव पर्दछ। ऊर्जाको आधुनिक र प्रभावकारी उपयोग गर्नाले खाना पकाउने ऊर्जाको लागत घटाउने, समयको बचत गर्ने र घरभित्रको वातावरण सुधारमा सहयोग पुऱ्याउने भएकाले स्वच्छ भान्छाको अभियानलाई अगाडि बढाउन सकिएमा हरित अर्थतन्त्रमा सहयोग पुग्दछ। खाना पकाउने एलपी ग्यासको मूल्य विश्वव्यापीरूपमा उकालो लागिरहँदा नेपाल आयल निगमलाई प्रतिसिलिण्डर ग्यासमा रु एक हजार ५० बराबरको घाटा परिरहेको छ। पछिल्लो १५ दिनमा निगमलाई डिजेलपछि ग्यासबाट सबैभन्दा बढी घाटा भएको र ग्यास बिक्रीबाट रु एक अर्ब ७४ करोड ५४ लाख बराबरको घाटा भएको निगमका सहप्रवक्ता पुस्कर कार्कीको भनाइ छ।

त्यस्तै डिजेल, पेट्रोललगायत अन्य इन्धनका स्रोतबाट पनि निगमलाई नोक्सानी नै छ। हरेक स्थानीय तहमा स्वच्छ ऊर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिने, पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय ऊर्जामार्फत दिगो हरित अर्थतन्त्रको निर्माण गर्ने र स्वच्छ ऊर्जाको खपत बढाउन विद्युतीय चुलोको प्रवर्द्धनलाई प्रमुख राजनीतिक पार्टीहरूले जोड दिएका छन्।

नेपाली कांग्रेसले हरेक घरमा विद्युतीय ऊर्जाबाट खाने पकाउने प्रविधिको प्रयोग बढाउने गरी कार्यक्रम लागू गर्ने र घरायसी उपयोगको लागि स्वच्छ ऊर्जा वा वैकल्पिक ऊर्जाको प्रयोगलाई बढोत्तरी गर्नुपर्नेमा जोड दिएको नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रा डा गोविन्दराज पोखरेल बताउनुहुन्छ। राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षसमेत रहनुभएका डा पोखरेलले पार्टीको घोषणापत्रमा उल्लेख गर्दै हिउँदको समयमा अपुग भए पनि वर्षाको समयमा स्वदेशमै उत्पादन भएको विद्युत् खेर जाने अवस्था रहेकाले विद्युत्को खपत बढाउने प्रविधिमा जोड दिनेगरी सरकारले नीति कार्यक्रम र बजेट ल्याउने विश्वास व्यक्त गर्नुहुन्छ।

आधुनिक ऊर्जा-उज्यालो पालिकाअन्तर्गत विद्युत् उत्पादन र खपत बढाउने, आधुनिक ऊर्जामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै नवीकरणीय ऊर्जाको प्रयोगद्वारा दैनिक जीवनमा ल्याउने कुरामा नेकपा (एमाले)ले पनि जोड दिएको राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षसमेत रहनुभएका सो पार्टीका बुद्धिजीवी परिषद्का अध्यक्ष डा दिनेशचन्द्र देवकोटा बताउनुहुन्छ। सो पार्टीले सार्वजनिक गरेको घोषणापत्रमा यसमा प्रत्येक नागरिकका घरमा विद्युत् सुविधा उपलब्ध गराउने र विपन्न परिवारलाई घरायसी प्रयोगको विद्युत् निःशुल्क उपलब्ध गराउने, हरेक स्थानीय तहमा स्वच्छ ऊर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिने, पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय ऊर्जामार्फत दिगो हरित अर्थतन्त्रको निर्माण गर्ने र स्वच्छ ऊर्जाको खपत बढाउन विद्युतीय चुलोको प्रवर्द्धनमा प्राथमिकता दिएको छ।

यसैगरी नेकपा(माओवादी केन्द्र)ले जारी गरेको अपिल र प्रतिबद्धतामा सबै वडामा विद्युतीकरणको व्यवस्था गर्नुको साथै एलपी ग्यास आयात प्रतिस्थापन गर्न र जनतामा विद्युत्को उपभोग बढाउन स्थानीय सरकारद्वारा प्रत्येक घरधुरीलाई विद्युतीय चुलो निःशुल्क उपलब्ध गराउने कुरालाई प्राथमिकता दिएको छ। सोही पार्टीको तर्फबाट वर्तमान सरकारमा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री बन्नु भएकी पम्फा भुसालले सुरुदेखि नै विद्युतीय खपतलाई बढाउन र एलपी ग्यासको निर्भरतालाई घटाउन विद्युतीय चुलोको प्रयोगलाई बढाउने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै आउनुभएको छ।

"विदेशी ग्यास छोडौं, स्वदेशी बिजुली जोडौं" भन्ने नारासहित विद्युत् खपत तथा वातावरण संरक्षणको लागि स्वच्छ ऊर्जाको प्रयोग बढाउन अब मन्त्रालयले विद्युतीय चुलोमार्फत ग्यास विस्थापनलाई योजनागत रुपबाटै अघि बढ्ने नीति लिएको छ, उहाँले भन्नुभयो। नेकपा(एकीकृत समाजवादी)लगायत अन्य राजनीतिक दलहरूले पनि एलपी ग्यासको खपत कम गर्न, विद्युतीय चुलोको प्रयोगलाई बढाउन र स्वच्छ वातावरण कायम गर्ने विषयलाई जोड दिएका छन्।

कृषि र वनमा आधारित परम्परागत ऊर्जालाई आधुनिक ऊर्जामा रुपान्तरण गर्न पनि सकिन्छ। बायोग्यास, ठूला बायोग्यासबाट उत्पादन हुने इन्धन, विद्युतबाट चल्ने विद्युतीय चुलो, पेलेटजस्ता ऊर्जालाई प्राथमिकतामा राखेर उपयोग गर्ने हो भने आयातित ऊर्जाको परिमाण कटौती हुनसक्छ। विद्युतीय चुलोको प्रयोगले अन्य प्रविधिको तुलनामा कम खर्च लाग्ने भएकाले समयको बचत र लागत समेत कम हुन जाने र यसले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुग्ने भएकाले यसमा राजनीतिक सहमति रहेको देखिन्छ।

सहरी क्षेत्रमा यो समस्या त्यतिधेरै गम्भीर नभए पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने झण्डै ७९ दशमलव ४२ प्रतिशत जनसङ्ख्या अहिले पनि खाना पकाउने ऊर्जाको प्रमुख स्रोतको रूपमा दाउरा, गुइँठा र कृषि अवशेष नै प्रयोग गरिरहेका छन्। यस्ता परम्परागत ऊर्जा स्रोतको प्रयोग झण्डै ६९ प्रतिशत रहेको छ भने व्यावसायिक ऊर्जाका रूपमा बिजुली, पेट्रोलियम पदार्थ र कोइलाको प्रयोगको हिस्सा २८ प्रतिशत छ।

यस्तै नवीकरणीय ऊर्जामा लघु जलविद्युत्, सौर्य ऊर्जा र बायोग्यासबाट तीन प्रतिशत ऊर्जा आपूर्ति भएको छ। सन् २०३० सम्म २५ प्रतिशत घरधुरीमा विद्युतीय चुलोको प्रयोग बढाउने, वन क्षेत्रलाई ४५ प्रतिशत पुऱ्याउने र शून्य कार्बन उत्सर्जन गर्ने लक्ष्य तय गरिएको सन्दर्भमा विद्युतीय चुलोको प्रयोगलाई बढाउनुपर्ने हुन्छ।

पछिल्ला दिनमा नागरिकमा विद्युतीय चुलोको प्रयोगमा समेत वृद्धि भएको छ। राज्यका विभिन्न निकाय एवं कतिपय स्थानीय सरकारले पनि यसमा जोड दिएका छन्। ललितपुरको महाङकाल गाउँपालिकाले सबै दुई हजार ३०५ घरधुरीमा विद्युतीय चुलो जडान गरिएको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र गाउँपालिकाको पहलमा विद्युतीय चुलो जडान गरिएको केन्द्रका कार्यकारी निर्देशक डा मधुसुदन अधिकारीले जानकारी दिनुभयो। काभ्रेको तेमालमा संस्थागतरूपमा नै विद्युतीय चुलो प्रयोगसम्बन्धी अभियान चलाइएको छ।

यस्तै क्लिक कुकिङ एलाइन्स(सिसिए)को पहलमा तीन वर्षअघि नमुना परियोजनाका रूपमा पाँचखाल र मदनदेउपुर नगरपालिकामा सञ्चालित धुवाँमुक्त भान्छाको कार्यक्रमले स्थानीयको दिनचर्यामा फेरबदल ल्याएको छ।

तीन वर्षअघि काभ्रेको मण्डनदेउपुर र पाँचखालमा गरिएको अध्ययनमा झण्डै ९९ प्रतिशत घरमा दाउराबाटै खाना पकाउने गरिएकामा अहिले अधिकांशले बायोग्यास, एलपी ग्यास वा इन्डक्शनको प्रयोग गर्न थालेको सिसिए नेपालका राष्ट्रिय प्रबन्धक करुणा बजाचार्यले जानकारी दिनुभयो। विद्युतीय चुलो जडानपछि स्थानीयवासीको स्वास्थ्यमा सुधार, जलवायु तथा वातावरणको संरक्षण, महिला सशक्तीकरण र आर्थिक सबलीकरणमा सहयोग पुगेको उहाँको भनाइ छ।

दिगो विकास लक्ष्यले समेत ९९ प्रतिशत घरधुरीमा विद्युत्को पहुँच र दाउराको प्रयोग घटाएर ३० प्रतिशतमा झार्ने, प्रतिव्यक्ति विद्युत् खपत बढाएर एक हजार ५०० किलोवाट घण्टा पुऱ्याइने उल्लेख गरिएको छ। नेपालका आवधिक विकास योजना तथा ऊर्जा नीतिहरूले परिकल्पना गरेअनुसार सबै घरपरिवारमा बत्ती बाल्न र खाना पकाउनका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने गरी आगामी नीति तथा कार्यक्रम र बजेट तर्जुमा हुन आवश्यक छ।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### श्रीलङ्काका प्रधानमन्त्रीको राजीनामा स्वीकृत, देशव्यापी कर्फ्यु घोषणा

कोलम्बो, २७ वैशाख (रासस/सिन्ह्वा)।

श्रीलङ्कामा केही दिनयतादेखि सुरु भएको आर्थिक सङ्कटको अवस्था झनै गहिरिएको छ।

यहाँको आर्थिक सङ्कटका कारणले गर्दा मन्त्री तथा प्रधानमन्त्रीले पनि राजीनामा दिएका छन्। यहाँका प्रधानमन्त्री महिन्दा राजपाक्छेले सोमबार मात्र आफ्नो पदबाट राजीनामा दिनुभएको छ।

उहाँको राजीनामा यहाँका राष्ट्रपति गोटबाया राजपाक्छेले स्वीकृत गर्नुभएको छ। उहाँको राजीनमा सोमबार मध्यरातिदेखि नै स्वीकृत भएको श्रीलङ्काली राष्ट्रपतिको कार्यालयले जनाएको छ।

जनाइएअनुसार यहाँको सरकारका विरुद्धमा जारी रहेको आन्दोलन थप हिंसात्मक बन्दै गएपछि श्रीलङ्काली सरकारले देशव्यापीरुपमा कर्फ्युको घोषणा गरेको छ।

यसअघि पनि सोमबार रातिदेखि मंगलबारसम्म लगाइएको कर्फ्यु आदेश बुधबारसम्मलाई थप गरिएको पनि श्रीलङ्काली सरकारले जनाएको छ।

सोमबार मात्र पनि बिहान प्रदर्शनकारीले यहाँका विभिन्न स्थानमा विरोध प्रदर्शन गरेका छन्। उनीहरुमध्ये धेरैले प्रधानमन्त्री राजपाक्छेलाई पदबाट राजीनामा नदिनु भनेर प्रदर्शन गरेका बताइएको छ।

### अफगानिस्तानमा तालिवान सरकार बनेपछि नौ लाखले गुमाए जागिर

काबुल, २७ वैशाख (रासस/एएनआई)।

अफगानिस्तानमा तत्कालीन तालिवान लडाकूले सत्ता कब्जा गरेपछि अहिलेसम्म झण्डै नौ लाख मानिसले जागिर गुमाएका छन्।

अफगानिस्तानको पुनःनिर्माणका लागि अमेरिकी विषेश निरीक्षकले दिएको जानकारीअनुसार यो तथ्याङ्क गत अगस्टदेखि अहिलेसम्मको हो।

विषेश गरेर विगतका काम गर्दै आइरहेका महिलाले अहिले काम गर्न नपाएकाले रोजगारी गुमाएकाको सङ्ख्या धेरै देखिएको बताइएको छ।

अहिले गरिबी पनि बढेको र लाखौं मानिस भोकमरी र अभावको चपेटामा रहेको निरीक्षकको प्रतिवेदनमा उल्लेख छ।

अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) का अनुसार सन् २०२१ को तेस्रो चौमासिकमा पाँच लाखले रोजगारी गुमाएका थिए। बाँकीले त्यसपछिको समयमा गुमाएका हुन्।

झण्डै चार दशकको आन्तरिक द्वन्द्वमा परेको अफगानिस्तानमा अहिले शान्ति स्थापना हुने अपेक्षा गरिएपनि असन्तुष्टि भने प्रकट भइरहेको छ।

तालिवान सरकारको नीति र कार्यशैलीप्रति आन्तरिक तथा वाह्य क्षेत्रबाट असन्तुष्टि व्यक्त भइरहेको हो भने हिंसात्मक घटना पनि फेरि सुरु हुन थालेका छन्।

### भारतमा तीन करोड बच्चाले पाए कोरोनाको खोप

नयाँदिल्ली, २७ वैशाख (रासस/एएनआई)।

भारतमा तीन करोडभन्दा बढी बालबालिकाले कोरोना भाइरस विरुद्धको कम्तीमा एउटा खोप लगाएका छन्।

खोप लगाएका बालबालिका भने १२ देखि १४ वर्षसम्मको उमेरको रहेको सङ्घीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भारतमा १२ देखि १४ वर्षसम्मका बालबालिकालाई कोरोना भाइरस विरुद्धको खोप लगाउन गत मार्च १६ देखि सुरु गरिएको हो।

कोरोना भाइरस विरुद्धको खोप लगाउनु उपयुक्त हुने विज्ञ तथा सरोकारवालाको सुझाव र निष्कर्षका आधारमा भारतमा सरकारले बालबालिकालाई पनि खोप लगाइदिने निर्णय गरेको थियो।

खोप लगाएका बालबालिकालाई खोप लगाएर सुरक्षित भएको भन्दै सङ्घीय स्वास्थ्य मन्त्री मनसुख मन्डावियाले बधाइ दिनुभएको छ।

खोप लगाएका बालबालिका मध्ये एक करोड दुई लाख २७२ ले दोस्रो खोप पनि लगाएको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

त्यसैगरी १५ देखि १८ वर्षसम्मका भने पाँच करोड ८७ लाख ७० हजार ४२८ ले कम्तीमा एउटा खोप लगाएका छन्। तीमध्ये चार करोड ३३ लाख आठ हजार ६५१ ले दोस्रो खोप लगाएका छन्।

भारतमा अघिल्लो वर्षको जनवरी १६ देखि देशव्यापीरुपमा कोरोना भाइरस विरुद्धको खोप लगाउने अभियान सुरु गरिएको थियो।

# मौन अवधिमा सामाजिक सञ्जाल नियन्त्रण गर्न चुनौती

काठमाडौं, २७ वैशाख (रासस)। आगामी शुक्रबार हुने स्थानीय तहको निर्वाचनमा मंगलबार राति १२ बजेबाट मौन अवधि सुरु हुँदैछ। निर्वाचन अयोगले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन हुनुभन्दा ४८ घण्टा अगावै मौन अवधि तोकेको हो।

उक्त समयमा निर्वाचनसम्बन्धी कुनै पनि गतिविधि गर्न रोक लगाइएको छ। आयोगले राजनीतिक दललाई निर्वाचनसम्बन्धी भेला, घरदैलो प्रचारप्रसार गर्नसमेत रोक लगाएको छ। यस्तै रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइनलगायतका सञ्चारमाध्यममा पनि मौन अवधिमा कुनै पनि पार्टी र उम्मेदवारको सम्बन्धमा समाचार प्रकाशित गर्न नपाइने उल्लेख छ।

सञ्चारमाध्ययमा मौन अवधि लागू भए पनि आयोगलाई भने सामाजिक सञ्जाललाई नियन्त्रण गर्न चुनौती हुने देखिन्छ। निर्वाचनको बेला अन्य देशमा पनि मौन अवधिमा रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन सञ्चारमाध्यमलाई नियन्त्रण गरेपनि सामाजिक सञ्जाललाई भने नियन्त्रण गर्न नसकेको पाइएको छ। निर्वाचनको समयमा सञ्चारमाध्यमलाई नियन्त्रण गर्न सकिएपनि सामाजिक सञ्जाललाई भने संसारमा नै चुनौती रहेको छ।

फेसबुक, ट्वीटर, टिकटकलगायत सामाजिक सञ्जालबाट हुने प्रचारलाई भने मौन अवधिमा रोक्नका लागि चुनौती रहेको बताइन्छ। आयोगले मौन अवधिमा विशेष गरी सामाजिक सञ्जालमा प्रचारप्रसारलगायतका काम नगर्न उम्मेदवार र तिनका समर्थकलाई आग्रह गरेको हो। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सामाजिक संजाल अनुगमन गर्न संयन्त्र बनाएपनि मौन अवधिमा प्रचारका काम रोक्न चुनौति रहेको बताउनुभयो।

आयोगले सामाजिक सञ्जाललाई नियन्त्रणमा ल्याउन विशेष कमिटी बनाएर काम गरिरहेको जनाएको छ । उक्त कमिटीमा नेपाल प्रहरीको साइवर ब्युरोका दुई तथा नेपाली सेनाका सूचना विज्ञ रहेका छन्। "आयोगसंग सामाजिक सञ्जाललाई नियन्त्रण गर्न विशेष कमिटी भएपनि निकै चुनौति छ", पौडेलले भन्नुभयो। उहाँका अनुसार आयोगद्वारा सामाजिक सञ्जालमा आजभन्दा अगाडि राखेको निर्वाचनसम्बन्धी सामग्री हटाउन तथा नयाँ पनि प्रविष्ट (पोष्ट) नगर्न सवैलाई अनुरोध गरिएको छ।

"सामाजिक सञ्जाल हाम्रो नियन्त्रण भन्दा बाहिर रहेको छ, विदेशमा बसेर पनि चलाउन सकिन्छ", उहाँले भन्नुभयो, "आयोगले आफ्नो क्षमतालाई भ्याएसम्म सामाजिक सञ्जाललाई नियन्त्रण गर्ने काम गर्छौं, तर कति सम्भव हुन्छ त्यो हेर्न बाँकी नै छ।" आयोगले मौन अवधिमा सवैलाई पालना गर्न पनि आग्रह गरेको छ।

"राजनीतिक दल, सञ्चारमाध्यम, सामाजिक सञ्जाल चलाउने पक्षको मौन अवधिको उल्लंघन गरे भने नैतिकताको प्रश्न आउँछ," प्रवक्ता पौडेलले थप्नुभयो, "सवैले आचारसंहितामा भएको व्यवस्था पालना गर्नुपर्दछ भन्ने सन्देश जानुपर्दछ।" उहाँका अनुसार सञ्जालमा मौन अवधिमा उम्मेदवारभन्दा पनि कार्यकता र तिनका समर्थकहरूले कुनै अनलाइनमा आएका समाचारलाई पुनः पोस्ट गर्ने जोखिम रहेको देखिन्छ। त्यसैले आयोगले उम्मेदवार र तिनका समर्थकका फेसबुक, ट्वीटर, टिकटकलगायतका पेजमा 'पोस्ट स्पन्सर' हुने सक्ने भएकोले सबै उम्मेदवार र तिनका समर्थकलाई मौन अवधि शुरु हुन अगाडि सामाजिक सञ्जालमा त्यस्ता पेजमा भएका निर्वाचन आचारसंहिता विपरीतका चित्र, पोष्ट हटाउन र नयाँ पोष्ट नगर्न निर्देशन दिन तथा सोको आवश्यक नियमन गर्न नेपाल दुरसंचार प्राधिकरणलाई निर्देशन दिएको छ।

मौन अवधिमा आयोगले नेपाल टेलिकमलाई एसएमएस सम्बन्धि सेवा नगर्न समेत निर्देशन दिएको छ। त्यस्तै मौन अवधिमा सामाजिक सञ्जाल, अनलाइन, छापामाध्यम वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट गर्न, वा शेयर गर्न, कमेन्ट-प्रतिकमेन्ट गर्न, समाचार प्रकाशन वा प्रसारण गर्न हुँदैन।

साथै मौन अवधिमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा विज्ञापन, टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तर जस्ता कार्यक्रम गर्न हुँदैन र निर्वाचनका बारेमा नकारात्मक सन्देश प्रवाह गर्ने लेख, तस्वीर वा अन्य प्रकाशन छाप्न नहुने आचारसंहितामा उल्लेख छ।

सूचना प्रविधि विज्ञ उल्लेख निरौलाले निर्वाचनको मौन अवधिमा आयोगले सामाजिक सञ्जाललाई नियन्त्रण गर्न नसक्ने बताउनुहुन्छ। "सामाजिक सञ्जाललाई नियन्त्रण गर्न हामीसँग कुनै त्यस्तो संयन्त्र नै छैन," उहाँले भन्नुभयो, "केही दिन अघि भएका समाचारका लिंकलाई सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि फेसबुक, ट्वीटर र टिकटकबाट सेयर गर्न सक्दछन्, त्यसलाई कसरी नियन्त्रण गर्न असम्भव देखिन्छ।" उहाँका अनुसार मौन अवधिमा सामाजिक सञ्जालबाट प्रसारप्रसार गर्नेलाई नाम तोकेर कारवाही गरे केही हदसम्म नियन्त्रण गर्न सकिन्छ।

**मौन अवधि, ...**

गतिविधि भएको पाइएमा सुरक्षा निकायले तत्काल नियन्त्रणमा लिने आयोगले जनाएको छ। मौन अवधिभर निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी गर्न पाइँदैन। मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदानस्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्नेछ।

कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचार-प्रसार गर्न नपाइने निर्वाचन आचारसंहिता, २०७८ मा उल्लेख छ। यस्तै सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न/गराउन नपाइने आयोगले जनाएको छ।

**मदिरा बिक्री वितरण र सेवनमा प्रतिबन्ध**

स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ अनुसार मंगलबारे राति १२ बजेदेखि मतदान सम्पन्न नभएसम्मका लागि मदिरा बिक्री वितरण तथा सेवनमा प्रतिबन्ध लगाइएको छ। मदिरा सेवनबाट झैझगडा तथा मतदातालाई प्रभावित पार्न सक्ने भन्दै आयोगले मौन अवधिमा मदिराको बिक्री वितरण र सेवनमा प्रतिबन्ध लगाउने निर्णय गरेको हो।

निर्वाचन सुरक्षालाई ध्यान दिँदै मंगलबारे राति १२ बजेदेखि देशका सीमानाका बन्द गरिए पनि अन्तर्राष्ट्रिय उडान भने रोकिएको छैन। आउँदो शुक्रबार देशभर एकै चरणमा बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुँदैछ। निर्वाचनका दिन आन्तरिक उडान र अत्यावश्यकबाहेक सम्पूर्ण सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजि गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिंडौं,
- सम्भव भए सम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np